निर्णय नं १:

ढुङ्गा, गिट्टि, वालुवा उत्खनन विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ११ को उपदफा ७ वमोजिम आ.व २०८१।०८२ को मिति २०८२ असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विक्रिको परिमाण सार्वजनिक गरि सोको जानकारी सम्वन्धीत गाउँपालिका वा नगरपालिका र अनुगमन समितिलाई दिनुपर्नेमा मिति २०८२।४।२० गते सम्म पनि उक्त विवरण प्राप्त नभएकोले जिल्ला समन्वय समितिको कार्यालयको मिति २०८२।४।२१ गतेको पत्रवाट प्रस्तुत सम्वन्धमा यथाशिघ्र स्टक प्रमाणित गर्ने तर्फ कार्वाही अगाडी वढाउन पत्राचार गरिएकोमा सो अनुसार स्टक प्रमाणित भएका विवरणहरु जिल्ला अनुगमन समितिमा पठाउन तथा स्टक प्रमाणित नभएका क्रसर उद्योग,वलुवा प्रशोधन केन्द्रको कारोवार नगर्ने नगराउने गरि रोक लागाउने तर्फ कार्वाही वढाउन सम्वन्धित पालिकाहरुलाई लेखि पठाउने।

निर्णय नं २:

यस जिल्लाभित्र रहेका विभिन्न क्रसर तथा वालुवा प्रशोधन केन्द्रको अनुगमन गर्ने निर्णय गरियो।

निर्णय नं ३:

निर्णय नं २ वमोजिम अनुगमनको लागि तपशिल वमोजिमको अनुगमन उपसमिति गठन गर्ने निर्णय गरियो:

| | |
|---|---|
| उपप्रमुख जि.स.स | -संयोजक |
| अधिकृत प्रतिनिधी | - जिल्ला प्रशासन कार्यालय सदस्य |
| अधिकृत प्रतिनिधी | - जिल्ला प्रहरी कार्यालय सदस्य |
| अधिकृत प्रतिनिधी | - शसस्त्र प्रहरी कार्यालय सदस्य |
| अधिकृत प्रतिनिधी | - डिभिजन वन कार्यालय सदस्य |
| अधिकृत प्रतिनिधी | - आन्तरिक राजश्व कार्यालय सदस्य |
| इन्जिनियर | - जि.स.स सदस्य |